# बैठक नं.१००

आज मिति २०७८ असोज २४ गते आईतबार दिनको ४:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| ९ | सदस्य, का.अध्यक्ष वडा न. ७ | श्री महेश्वरी माली | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १३ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १४ | सदस्य | श्री राजु मिजार | |
| १५ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १६ | सदस्य | श्री सरस्वती परियार | |
| १७ | सदस्य | श्री सानु मिजार | |
| १८ | सदस्य | श्री सुनीता नकर्मी | |
| १९ | सदस्य | श्री सुमन पोखरेल | |
| २० | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २१ | सचिव | श्री कृष्णप्रसाद सापकोटा | |
| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
| १ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| २ | सचिवालय | श्री संजिता लामा | |

**<u>निर्णय नं.१</u>**

यस नगरपालिकाको विधायन समितिबाट तयार भै नगर प्रमुखबाट नगरकार्यपालिकामा पेश भएको " **स्वास्थ्य संस्था संचालन स्वीकृति र नविकरणको मापदण्ड तथा प्रकृया सम्बन्धि निर्देशिका, २०७८**" स्वीकृत गरियो ।

**<u>निर्णय नं.२</u>**

कीर्तिपुर नगरपालिकाको विगत कार्यपालिकाका निर्णयहरु कार्यान्वयनको समिक्षा गरी कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरुलाई प्रभावकारी रुपले कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.३</u>**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार सबै वडा कार्यालय/शाखा/ईकाईहरुबाट सम्पादन भएका कामहरुको कार्यविधि अनुसार अभिलेखिकरण गर्ने र उल्लिखित कार्यविधिलाई केन्द्रविन्दुमा राखी कार्य सम्पादन गर्ने/गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.४</u>**

कीर्तिपुर नगरपालिकाको सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कार्यको समीक्षा गरी आगामी दिनमा अझै सवल, सक्षम र प्रभावकारी रुपमा उपलब्ध गराउन सबै वडा कार्यालय, विषयगत शाखाहरुलाई निर्देश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.५</u>**

कीर्तिपुर नगरपालिकामा रहेका सम्पूर्ण बेरुजुहरु फछ्र्यौटका लागि नगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतद्वारा संयुक्त रुपमा बेरुजु फछ्र्यौट कार्ययोजना तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.६</u>**

चालु आ.व.२०७८/०८९ को योजना सम्झौता एवं कार्यान्वयन सम्बन्धमा अघिल्लो कार्यपालिकाको निर्णय कार्यान्वयनका लागि वडा कार्यालयहरुलाई पुनः ताकेताका लागि पत्राचार गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.७</u>**

चालु आ.व.२०७८/०७९ को लागि आर्थिक ऐन २०७८ को स्थानीय राजपत्र प्रमाणित गर्दा अनुसूची १० (दफा १२ सँग सम्बन्धित) अन्य दस्तुर तथा शुल्कको सि.नं.१२ मा "आर्थिक कारोबारको लिखत प्रमाणित/रोहबर (बैना, सापटी) कारोवार रकममा ०.२५% राजश्व" उल्लेख भएकोमा नेपाल सरकार संघियबाट प्रमाणित "मुलुकी देवानी कार्यविधि संहिता, २०७४" को दफा ३६ को(४) उपदफा (३)

बमोजिम "लिखत प्रमाणित गर्दा स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले बढीमा दुई सय रुपैया सम्म दस्तुर लिन सक्ने छ ।" भनी उल्लेख गरेको हुदाँ अब उप्रान्त उक्त कार्यको लागि "मुलुकी देवानी कार्यविधि संहिता, २०७४" अनुसार शुल्क/दस्तुर लिने निर्णय गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.७</u>

कीर्तिपुर नगरपालिका निवासी वामपन्थी आन्दोलनका अग्रज एवं समाजसेवी श्री टिकाराम महर्जनको मिति २०७८ असोज २४ गते ८७ वर्षको उमेरमा निधन भएको हुँदा दिवंगत प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा नगरपालिकाको तर्फबाट हार्दिक समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।